बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल
२०७३

बैठक नं. :-
मिति :– २०७६।०७।२८गते
समय :– बिहान १०:०० बजे
स्थान :– बाँफिकोट गाउँकार्यपालिकाको सभाहल ,बाँफिकोट रुकुम (पश्चिम)

आज मिति २०७६/०७/२८ गते बिहिबारका दिन यस बाँफिकोट गाउँकार्यपालिका को बैठक बाँफिकोट गाउँपालिका अध्यक्ष श्री धर्मबहादुर के.सी. को अध्यक्षतामा बैठक बसी तपसीलको उपस्थितिका साथ तपशीलका प्रस्ताव माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

## उपस्थिति

श्री धर्मबहादुर के.सी. :-अध्यक्ष,बाँफिकोट गाउँकार्यपालिका , रुकुम(पश्चिम)
श्री मनकला पुन, :- उपाध्यक्ष,बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री हर्कु मल्ल :- सदस्य, बाँफिकोट गाउँकार्यापालिका ,रुकुम(पश्चिम)
श्री धनबहादुर खत्री :-सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम)
श्री चन्द्रबहादुर के.सी. :-सदस्य, बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री शेर बहादुर ओली :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम)
श्री कस्तुप प्रकाश दाहाल :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री मनोजकुमार अधिकारी :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री नरबहादुर खत्री :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री मनबहादुर के.सी :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री कबिराम के.सी., :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री अर्जुन चन्द, :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री झरना शाही :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री जनकुमारी खत्री, :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री तारा बुढा के.सी :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री सिता खडका के.सी. :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका ,रुकुम(पश्चिम)
श्री शेरुविश्वकर्मा :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री मनबहादुर बादी :- सदस्य, बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री महेश कुमार गुरुङ्ग :-प्रमुख प्रशासकीय अधिकृत , बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)
श्री ठकेन्द्र के.सी. :- प्रशासन शाखा, बाँफिकोट गाउँकार्यपालिका,रुकुम(पश्चिम)

धर्मबहादुर के.सी
अध्यक्ष

Scanned by CamScanner

प्रस्तावहरु :

१) एकिकृत शिविर सञ्चालन सम्बन्धमा।

२) बहुक्षेत्रीय पोषण योजना कार्यक्रम समपुरक रकम स्वीकृति सम्बन्धमा।

३) कृषि, पशु र महिला विकास शाखाको लागि वजेट विनियोजन सम्वन्धमा।

४) राहत निवेदन सम्बन्धमा।

५) खानेपानीको भुक्तानी सम्बन्धमा।

६) इन्टरनेट जडान सम्वन्धमा।

७) स्यार्पू हाइड्रो पावर शेयर रकम सम्वन्धमा।

८) प्रदेशको समपुरक कार्यक्रम संसोधन सम्बन्धमा।

९) बाटो सरसफाइ भुक्तानी सम्वन्धमा

१०) डोजरको लागि इन्धन सम्वन्धमा

११) समपुरक रकम सम्वन्धमा

१२) योजन संसोधन सम्वन्धमा

१३) वजेट सम्वन्धमा।

१४) होमस्टे लिजमा दिने सम्वन्धमा।

१५) गलैचा उद्योग सम्वन्धमा

१६) विविध

**निर्णयहरु :**

**निर्णय नं. १** : प्रस्ताव नं. १ को बिषयमा व्यापक छलफल गर्दा जिल्ला प्रशासन कार्यलय, मालपोत कार्यलय नापी कार्यलय समेतबाट एकिकृत शिविर मिति २०७६।०८।२,३ र ४ गते क्रमश मग्मा, छिन्खेत र पिपलमा सञ्चालन गर्ने र जनसत्ताबाट पास भएका घरजग्गा विवादलाइ सहजिकरण गर्ने जिल्ला स्तरमा निर्णय भएकोले सो शिविरलाइ सञ्चालन गर्न ३,००,०००। अक्षरुपी तिन लाख मात्र विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. २** : प्रस्ताव नं. २ को विषयमा व्यापक छलफल गर्दा यस आ व २०७६।७७ मा सञ्चालन हुने योजनाको लागि ४०००००। अक्षरुपी चार लाख मात्र समपुरक रकम छुट्याउने निर्णय सर्वसहमतिबाट गरियो।

तपशिल :

बाँफिकोट **गाउँपालिका रुकुम (पश्चिम)**

आ.व. ०७६ / ०७७

बजेट संकेत / उपसंकेतः

कार्यक्रम शिर्षक / आयोजनाको नामः बहुक्षीय पोषण योजना कार्यक्रम

स्थानीय तहको नाम  बाँफिकोट गाउँपालिका रुकुम

स्रोत

| | | |
|---|---|---|
| | नेपाल सरकारः | ४९० |
| ऋणः | ० युनिसेफ | ९५६ |
| जनसहभागि | आन्तरिक | ४०० |

धर्मबहादुर के.सी.

Scanned by CamScanner

(पश्चिम०

बाँफिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

ता:

श्रोत:

जम्मा रकम १७७६

| सि.न | कार्यक्रमहरु | ईकाई | श्रोत | | जम्मा | वार्षिक | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आन्तरिक | नेपाल सरकार | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| | **कृषि विकास क्षेत्र** | | | | | | | | | | | | | |
| १ | १००० दिनका आमाहरुलाई उन्नत तरकारी विउ वितरण सबै १० वटा वडाहरुमा | | २० | ३६ | ५६ | ६ | ९२ | | | ६ | ९२ | | | |
| ३ | १००० दिनका घरपरिवार २६० घरमा च्याउ खेति | | ० | ५० | ५० | २ | १०० | | | २ | १०० | | | |
| | जम्मा | | २० | ८६ | १०६ | ८ | १९२ | ० | ० | ८ | १९२ | ० | ० | |
| | **शिक्षा विकास क्षेत्र** | | | | | | | | | | | | | |
| १ | महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई २ दिने पोषण सम्बन्धि अभिमुखिकरण | | ० | ५० | ५० | १ | ५० | | | १ | ५० | | | |
| २ | वालविवाह न्यूनिकरण सम्बन्धमा बक्तित्वकला ५ विद्यालयमा तथा १० विद्यालयका बक्तित्वकलामा पथम, द्धितिय, तृतिय तथा सानत्वना पुरस्कार पाउनेहरुको पालिका स्तरीय बक्तित्वकला १ पटक | ११ | ० | ५० | ५० | ९ | ५० | | | ९ | ५० | ० | ० | |
| ३ | करेसावारी वनेका विद्यालयहरुमा सहयोग कार्यक्रम कम्तिमा ५ विद्यायलहरुमा | | ० | २५ | २५ | ५ | २५ | | | ५ | २५ | | | |
| | जम्मा | | ० | १२५ | १२५ | १५ | १२५ | ० | ० | १५ | १२५ | ० | ० | |
| | **पशुसेवा तथा स्वास्थ्य क्षेत्र** | | | | | | | | | | | | | |
| १ | गर्भवती उत्प्रेरणा तथा सुरक्षित प्रसुति सेवा पोषण प्रवर्द्धक कार्यक्रम ( पोषिलो झोला तथा अण्डा वितरण) | ३०० | २०० | ६०० | ८०० | ३०० | ८०० | | | ३०० | ८०० | | | |
| | | | २०० | ६०० | ८०० | ३०० | ८०० | ० | ० | ३०० | ८०० | ० | ० | |
| | **महिला तथा वालवालिका क्षेत्र** | | | | | | | | | | | | | |
| १ | लैंगिक हिंसा निवारणमा तथा पोषण सुधारका लागि सासुवुहारी अन्तरक्रिया (सुनौला हजार दिनका वुहारी) | ४ पटक | ० | ८० | ८० | ४ | ८० | | | २ | ४० | २ | ४० | |
| २ | किशोर, किशोरी तथा अभिभावकविच बालविवाह, लैगिक हिंसा तथा सामाजिक गलत अभ्यास सम्वन्धि १ दिने अभिमुखीकरण सबै वडास्तर | पटक १० | ५० | ० | ५० | १० | ५० | | | ५ | २५ | ५ | २५ | |
| | जम्मा | | ५० | ८० | १३० | १४ | १३० | ० | ० | ७ | ६५ | ७ | ६५ | |
| | **खानेपानि तथासरसफाई क्षेत्र** | | | | | | | | | | | | | |
| १ | पोषणयुक्त बस्ती निर्माणका लागि सरसफाई तथा अन्य विभिन्न क्रियाकलाप संचालन | | ४० | १८७ | २२७ | | २२७ | | | | २२७ | | | |
| | जम्मा: | | ४० | १८७ | २२७ | ० | २२७ | ० | ० | ० | २२७ | ० | ० | |
| | **नीति योजना तथा स्थानीय सुशासन क्षेत्र** | | | | | | | | | | | | | |

धर्मबहादुर के.सी
अध्यक्ष

Scanned by CamScanner

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गाउँपालीका स्तरीय खाद्य सुरक्षा तथा पोषण समन्वय समतिको बैठक | पटक ३ | १० | ३० | ४० | २ | ४० | १ | २० | | | १ | २० | |
| २ | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नियमित बैठक र अभिमुखिकरण | १० वडा | ५ | ३० | ३५ | १० | ३५ | | | १० | ३५ | | | |
| ३ | वहुक्षेत्रीय पोषण योजना कार्यानवयनको सयुक्त अनुगमन कार्यक्रम | | ५ | | ५ | २ | ५ | | | १ | ५ | १ | ० | |
| ४ | वहुक्षेत्रीय पोषण योजना सम्बन्धि चेतना जोगाउने होर्डिङ वोर्ड निर्माण | | ५ | १० | १५ | | १५ | | | | ४० | | | |
| ४ | समुदाय स्तरमा वहुक्षेत्रीय पोषण योजना निर्माण, पैरवी तथा कार्यान्वयनको लागि पोषण सहजकर्ता परिचालन | | ६५ | १९५ | २६० | १३ | २६० | ५ | १०० | ४ | ८० | ४ | ८० | |
| | पोषण सहजकर्ता यातायात तथा संचार खर्च १२ महिनाको तथा पोषाक भत्ता | | ० | २३ | २३ | १२ | २३ | ४ | ६ | ४ | ६ | ४ | ११ | |
| | जम्मा: | | ९० | २८८ | ३७८ | ३९ | ३७८ | १० | १२६ | १९ | १६६ | १० | १११ | |
| कूल जम्मा : | | | ४०० | १३६६ | १७६६ | ३७६ | १८५२ | १० | १२६ | ३४९ | १५७५ | १७ | १७६ | |

**निर्णय नं.३** : प्रस्ताव नं.३ को विषयमा व्यापक छलफल गर्दा यस आ व २०७६।७७ को लागि कृषि शाखाको लागि १०,००,०००। अक्षरुपी दश लाख, पशु सेवा शाखाको लागि १०,००,०००। अक्षरुपी दश लाख मात्र र महिला विकास शाखाको लागि ५,००,०००। अक्षरुपी पाच लाख मात्र रकम विनियोजन गर्ने निर्णय सर्वसहमतिबाट गरियो । साथै पशु सेवा कार्यलयबाट प्रस्तावको रुपमा पेश भएको पशुपंक्षी उपचारमा लाग्ने दर्ता शुल्क दरलाइ सर्वसहमतिबाट स्वीकृत गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं.४** : प्रस्ताव नं.४ को विषयमा व्यांपक छलफल गर्दा यस गाउँपालिकामा राहत पाउँ भनि दिएको निवेदनमा आवश्यक प्रकृया पुरा गरेका तपसिलका व्यक्तिलाई यस अघिको कार्यपालिका बैठकको निर्णयलाई आधार मानि भत्तानि दिने निर्णय गरीयो ।

**राहात प्राप्त गर्नेको विवरण**

| क्र.स. | नाम थर | ठेगाना | घटनाको प्रकृति | राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | भिम बहादु दमाई | बाँफिकोट गा.पा. २ | मृगौला फेल | ८,०००। | |
| २ | मन कुमारी नाथ | बाँफिकोट गा.पा. २ | मृगौला फेल | ८,०००। | |
| ३ | शेरविर विश्वकर्मा | बाँफिकोट गा.पा. ४ | टाउकोमा चोट र खुट्टा भाचियको | १०,०००। | |
| ४ | वादी कामी | बाँफिकोट गा.पा. ६ | मुटु रोगी | ८,०००। | |
| ५ | मन बहादुर शाहि | बाँफिकोट गा.पा. ६ | मुटु रोगी | ८,०००। | |
| ६ | मया के.सी. | बाँफिकोट गा.पा. ८ | मुटु रोगी | ८,०००। | |
| ७ | धन बहादुर कामी | बाँफिकोट गा.पा. २ | घर आगोलागी | १०,०००। | |
| ८ | वली दहाल | बाँफिकोट गा.पा. २ | पहीरोको कारण घर क्षेती | १०,०००। | |
| ९ | दिपा वि.क. | बाँफिकोट गा.पा. ३ | पहीरोको कारण बाख्रा गोठमा क्षेती | ५,०००। | |

धर्मबहादुर के.सी
अध्यक्ष

Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १० | देउचन सार्की | बाँफिकोट गा.पा. ६ | बर्षाको कारण घर क्षती | १०,०००। | |
| ११ | तेज बहादुर पुन | बाँफिकोट गा.पा. ६ | बर्षाको कारण घर क्षती | १०,०००। | |
| १२ | निम बहादुर कुसारी | बाँफिकोट गा.पा. ७ | पहिरोको कारण घर क्षती | १०,०००। | |
| १३ | धनलाल खत्री | बाँफिकोट गा.पा. ७ | बर्षाका कारण घर क्षती | १०,०००। | |
| १४ | मिलन गौतम | बाँफिकोट गा.पा. ८ | पहीरोको कारण घर क्षती | १०,०००। | |
| १५ | अमृती खत्री | बाँफिकोट गा.पा. ९ | पहीरोका कारण घर क्षती | १०,०००। | |
| १६ | टेक बहादुर खत्री | बाँफिकोट गा.पा. ८ | बर्षाको कारण घर क्षती | १०,०००। | |
| १७ | जसे दमाई | बाँफिकोट गा.पा. ९ | पहीरोको कारण घर क्षती | १०,०००। | |
| १८ | टिक बहादुर खत्री | बाँफिकोट गा.पा. ९ | पहीरोको कारण घर क्षती | १०,०००। | |
| १९ | नन्दराम कामी | बाँफिकोट गा.पा. ९ | पहीरोको कारण घर क्षती | १०,०००। | |
| २० | नन्दराम जैसी | बाँफिकोट गा.पा. ९ | पहीरोको कारण घर क्षती | १०,०००। | |
| २१ | मानव नेपाली | बाँफिकोट गा.पा. ३ | पहीरोको कारण घर क्षती | १०,०००। | |
| २२ | संगिता नेपाली | बाँफिकोट गा.पा. ३ | पहिरोको कारण घर क्षती | १०,०००। | |
| २३ | | | | | |

**निर्णय नं.५** : प्रस्ताव नं.५ को विषयमा व्यापक छलफल गर्दा गत आ व २०७५।०७६ को कर्णाली प्रदेश सरकारबाट समपुरक अनुदान तर्फ वडा नं ७ को दुवानाथ दोवाटाचौर र वडा नं १० को तिनखोली फेरा खानेपानी योजनाको भुक्तानी दिने निर्णय सर्वसहमतिबाट गरियो ।

**निर्णय नं.६** : प्रस्ताव नं.६ को विषयमा व्यापक छलफल गर्दा छिन्खेतमा रहेका स्वास्थ्य, शिक्षा र कृषि शाखा कार्यालयको लागि इन्टरनेट जडान प्रयोजनार्थ रु ५,००,०००। अक्षरुपी पाँच लाख मात्र रकम विनियोजन गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

**निर्णय नं.७** : प्रस्ताव नं.७ को विषयमा व्यापक छलफल गर्दा बाँफिकोट गाउँपालिका वडा नं ३ मा सञ्चालनमा रहेको स्यार्पू हाइड्रो पावरको लागि शेयर रकम वापतको रु २०,००,०००। अक्षरुपी विस लाख मात्र विनियोजन गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

**निर्णय नं.८** : प्रस्ताव नं.८ को विषयमा व्यापक छलफल गर्दा आ व २०७६।७७ को लागि कर्णाली प्रदेश सरकारबाट समपुरक अनुदान तर्फ रविगाउँ, जिपसिङ, भम्पु सडक निर्माण तर्फ वजेट विनियोजन गरेकोमा योजनाको नाम छिन्खेत, रविगाउँ, जिपसिङ, भम्पु सडक निर्माण हुने गरी योजनाको नाम संसोधन गरिदिनको

( धर्मबहादुर के.सी )

Scanned by CamScanner

लागि कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

**निर्णय नं.९** : प्रस्ताव नं.९ को विषयमा व्यापक छलफल गर्दा यस बाँफिकोट गाउँपालिका भित्रका तपसिल बमोजिमा सडकहरुको सफाइ कार्य भएकोले सोको लागि रु ८,००,०००। अक्षरुपी आठ लाख मात्र विनियोजन गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

तपसिल

१ स्यार्पूदह कोलचौर सडक सफाइ जेसिवि ३० घण्टा ।

२ मग्मा वडगाउँ नेटा, सडक सफाइ एक्साभेटर ४० घण्टा

३ नेटा, काँडा सडक सफाइ एक्साभेटर ५७ घण्टा

**निर्णय नं.१०** : प्रस्ताव नं.१० को विषयमा व्यापक छलफल गर्दा यस गाउँपालिकाका विभिन्न बाटोहरु सफाइ गर्नको लागि इन्धन खरिदको लागि रु २५,००,०००। अक्षरुपी पच्चीस लाख मात्र विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११** : प्रस्ताव नं.११ को विषयमा व्यापक छलफल गर्दा य यस आ व मा सञ्चालन गर्नको लागि समपुरक तर्फ रु ५,००,०००। अक्षरुपी पाँच लाख मात्र विनियोजन गर्ने र यसै शिर्षकबाट स्वच्छता परियोजनाको लागि रु ८०,०००। अक्षरुपी असी हजार मात्र समपुरक रकम छुट्याउने निर्णय सर्वसहमतिबाट गरियो ।

**निर्णय नं.१२** : प्रस्ताव नं.१२ को विषयमा व्यापक छलफल गर्दा य यस आ व मा सञ्चालन हुने वडा नं २ को तपसिलको योजनाहरु वडा समितिको निर्णयको आधारमा संसोधन गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

तपसिल

समपुरक शिर्षक तर्फको रु २,२९,९५०। र असहाय, टुहुरा बालबालिका शिर्षक तर्फको रु ५०,०००। गरी जम्मा २,७९,९५०। रकम वडा नं २ को वडा कार्यालयको निर्माणाधिन भवनको फिल्ड निर्माण तर्फ ।

**निर्णय नं.१३** : प्रस्ताव नं.१३ को विषयमा व्यापक छलफल गर्दा य यस आ व मा युवा तथा खेलकुदमा रु २,५०,०००। अक्षरुपी दुइ लाख पचास हजार र कला, संस्कृतिको लागि रु २,५०,०००। अक्षरुपी दुइ लाख पचास हजार विनियोजन गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

**निर्णय नं.१४** : प्रस्ताव नं.१४ को विषयमा व्यापक छलफल गर्दा कर्णाली प्रदेश सरकारबाट आ व २०७५।७६ मा यस गाउँपालिकाको वडा नं ३ मा निर्माण भएको होमस्टे भवन ५ वर्षको लागि लिजमा दिने निर्णय सर्वसहमतिबाट गरियो ।

**निर्णय नं.१५** : प्रस्ताव नं.१५ को विषयमा व्यापक छलफल गर्दा यस गाउँपालिकाको वडा नं ४ छिन्खेतमा सञ्चालनमा रहेको कर्णाली अल्लो गलैचा उद्योगको लागि रु १०,००,०००। अक्षरुपी दश लाख मात्र विनियोजन गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

**निर्णय नं.१६** : प्रस्ताव नं.१६ को विषयमा व्यापक छलफल गर्दा यस बाँफिकोट गाउँपालिकाको वडा नं ५ मा रहेको श्री रत्न आधारभुत विद्यालय बाँफिकाँडालाइ कक्षा ६ सम्मको कक्षा सञ्चालन गर्न अनुमति दिने निर्णय सर्वसहमतिबाट गरियो ।

Scanned by CamScanner